तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको २७औ बैठकको निर्णयहरु मिति २०८१।०८।२६ गते (ने.सं. ११४५ थिंलाथ्वः ११ बुधबार)

**निर्णय नं.१** तुलसीपुर उपमहानगरपालिकालाई आवश्यक कानूनी राय परामर्श प्रदान गर्नका लागि तुलसीपुर उपमहानगरपालिका वडा नं ६ बस्ने बिद्धान अधिवक्ता श्रीराम चौधरीलाई मासिक रु२५,०००।– (पच्चीस हजार रुपैयाँ मात्र) पाउने र मिति २०८१ साल मंसिर २७ गतेदेखि लागू हुने गरी कानूनी सल्लाहकार नियुक्त गर्ने र तुलसीपुर उपमहानगरपालिकालाई मुद्दा विशेष कानूनी बहश गर्नकालागि तुलसीपुर उपमहानगरपालिका वडा नं १७ निवासी अधिवक्ता श्री विजय पोख्रेललाई कार्यालयको आवश्यक्ता अनुसार प्रतिनिधी तोक्ने। यसका साथै यस तुलसीपुर उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय तथा सो मातहतमा रहेका शाखा/महाशाखा, वडा कार्यालय र पदाधिकारी समेतलाई विपक्षी बनाई सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतमा परेका रिट तथा मुद्दा उपर प्रतिउत्तर लगाउन, तारेखमा रहनुका साथै पुर्पक्ष समेत गर्नका लागि यस कार्यालयमा कार्यरत कर्मचारी श्री शिव कुमार शर्मालाई प्रतिनिधि तोक्ने निर्णय गरियो ।

**निर्णय नं.२** सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८१/०३/०५, च.नं. ४२२को पत्रानुसार **"उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (HICDPs) अन्तर्गत स्थानीय तहले आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धमा"** को परिपत्र बमोजिम माध्यामिक विद्यालय सेन्टर तुलसीपुर दाङको पूर्वाधार निर्माणको लागि प्राविधिक इस्टिमेट बमोजिमको कुल लागत रु१३,२१,४२,३११।– (अक्षेरुपी तेह्र करोड एक्काइस लाख बयालिस हजार तिन सय एघार रुपैयाँ मात्र) मध्येको १०% (दश प्रतिशत)का दरले आउने रकम तुलसीपुर उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयको लागत सहभागिता रहने गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाडौंलाई सिफारिश गर्ने ।

**निर्णय नं.३** तुलसीपुर उपमहानगरपालिकामा यस आर्थिक बर्षमा बिपद्को समयमा भएका कामहरुको भुक्तानी प्रक्रियागत रुपमा वडा कार्यालयहरुबाट सिफारिश भइ आएमा कानून सम्मत गर्ने ।

**निर्णय नं.४** तुलसीपुर उपमहानगरपालिकाका विभिन्न वडाहरुमा कृषी/पशु सेवा केन्द्र विस्तार गर्न आर्थिक विकास समितिलाई उपर्युक्त स्थान तथा जनशक्तिको अध्ययन गरी प्रतिवेदन पेश गर्न दिने ।

२०८१/८/२६

गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

निर्णय नं.५ तुलसीपुर उपमहानगरपालिकामा मेला महोत्सव सञ्चालन गर्न तुलसीपुर उपमहानगरपालिका "मेला महोत्सव व्यवस्थापन कार्यविधि, २०७९"को परिच्छेद २ को दफा ३ बमोजिम गठन भएको 'मेला महोत्सव सञ्चालन अनुमति तथा नियमन समिति'को आगामी बैठकको निर्णय बमोजिम गर्ने।

निर्णय नं.६ तपसिल बमोजिमका 'घ' वर्गको निर्माण व्यवसायीहरुलाई ईजाजतको लागि स्वीकृति प्रदान गर्ने।

तपसिल

| सि.नं. | निर्माण कम्पनिको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | अजिपाल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | तुलसीपुर उ.म.न.पा.०१,दाङ | नयाँ इजाजत |
| २ | पुनम एण्ड सुनिष्ठा मल्टिपर्पोज प्रा.लि. | तुलसीपुर उ.म.न.पा.०६,दाङ | नयाँ ईजाजत |
| ३ | अरुण भ्याली इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन प्रा.लि. | तुलसीपुर उ.म.न.पा.०९,दाङ | नयाँ ईजाजत |

निर्णय नं.७ तुलसीपुर उपमहानगरपालिकामा नव नियुक्त नगर प्रहरीको पोशाक हरियो (खाकी) रङ्गको र पद अनुसारको दर्ज्यानी चिन्ह स्वीकृती गर्ने ।

निर्णय नं.८ तुलसीपुर उपमहानगरपालिकामा शवदाह निर्माण तथा स्थल सहमतिका लागि वडा नं ६ र वडा नं ७ का वडाअध्यक्षलाई जिम्मेवारी दिने ।

निर्णय नं.९ तुलसीपुर उपमहानगरपालिकाका नेवार समुदायलाई तुलसीपुर, दाङमा ३(तीन) दिनसम्म खाना महोत्सव सञ्चालन गर्न अनुमति दिने ।

निर्णय नं.१० आ.व. २०८१/०८२मा लागत सहभागीताका योजनाको सन्दर्भमा निवेदन प्राप्त भइ लागत सहभागिताको लागि तोक आदेश भएका योजनाहरुलाई प्राथमिकतामा राखी, निवेदन प्राप्त नभएका वडाहरुबाट समेत सिफारिस भइ आएमा कार्यान्वयन हुने गरी सो शीर्षकमा विनियोजन भएको ३,५३,००,०००।– (अक्षेरुपी तीन करोड त्रिपन्न लाख रुपैयाँ मात्र) नगर प्रमुख र उप-प्रमुख सहित सबै कार्यपालिका सदस्यहरुको सिफारिशबाट प्रत्यक वडामा कम्तीमा १(एक) वटा योजना नछुटाइ कार्यान्वयन गर्ने।

२०८१।८।२६
गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
नगर प्रमुख

Scanned with CamScanner

निर्णय नं.११ तुलसीपुर उपमहानगरपालिकाको "जल यातायात सञ्चालन कार्यविधि" निर्माण गर्ने र तुलसीपुर-११मा रहेको मोतिपुर भाइरल पुल क्षेत्रमा पर्यटकीय स्थल निर्माण गर्न बबई नदीमा rubber dam निर्माणका लागि सैद्धान्तिक सहमति दिने ।

निर्णय नं.१२ तुलसीपुर उपमहानगरपालिकाका कर्मचारीसँग मिति २०८१ साल मंसिर २० गते गरिएको सहमतिका विषय तपशिल बमोजिम गर्ने।

क) सहमतिको बुदाँ नं १ अनुसार तुलसीपुर उपमहानगरपालिका स्थानीय तहका कर्मचारीहरुको तहबृद्धि सम्बन्धी कार्यविधि, २०७८ अनुरुप बढुवा गरिएका कर्मचारीहरुको सम्मानित उच्च अदालत तुलसीपुरको मिति २०८०।१२।२६ को फैसला र यस सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवल सम्पर्क कार्यालय नेपालगञ्जको उजुरी र तत् सम्बन्धी छानबीन गर्ने पत्रलाई मध्यनजर गर्दै उक्त कार्यविधि, २०७८ अनुरुप बढुवा गरिएका ३३ जना कर्मचारीमध्ये ७ जना अवकाश प्राप्त जस मध्ये १२ जना कर्मचारी उच्च अदालतको फैसला पछि पुनरावेदनमा नगएका र बाँकी १४ जना कर्मचारीहरु मिति २०८१/०४/१४ गतेभित्र म्याद बुझी सम्मानित सर्वोच्च अदालतमा मिति २०८१/०५/०७ गते पुनरावेदन रिट निवेदन दर्ता गराएकोले मुलुकी देवानी संहिता कार्यविधि, २०७४ को दफा २३१(ख) बमोजिम हालको पद कायम राखि खाइपाइ आएको सेवासुविधा उपलब्ध गराउने र सम्मानित सर्वोच्च अदालतबाट उक्त मुद्दामा अन्तिम फैसला आएमा सोही बमोजिम हुने गरी कार्यान्वयन गर्ने ।

ख) सहमतिका बुँदा नं २,३,४ र ५ कार्यान्वयन गर्ने ।

निर्णय नं.१३ तुलसीपुर उपमहानगरपालिकामा वडा नं २का वडाध्यक्ष भिम बहादुर योगी संयोजक रहेको विधायन समितिको नाम संसोधन गरी बिधेयक समिति राख्ने साथै उक्त समितिको सदस्य सचिवमा प्रमुख प्रशासकीय अधिकृतलाई तोक्ने ।

२०८१।८।२६

गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
नगर प्रमुख

निर्णय नं.१४ यातायात व्यवस्था कार्यालय, तुलसीपुरबाट रुट इजाजत लिई हालसम्म तुलसीपुर क्षेत्रभित्र सञ्चालनमा आएका ३(तीन) पाङ्ग्रे अटो रिक्साहरुको रुट इजाजत कार्यलाई आगामी दिनदेखि स्थानीय सरकार सञ्चालन ऐन, २०७४मा भएको व्यवस्था र तुलसीपुर उपमहानगरपालिकाको आर्थिक ऐन,२०८१ बमोजिम शूल्क लिई सूचीकृत भएका ३(तीन) पाङ्ग्रे अटो रिक्सालाई तुलसीपुर उपमहानगरपालिकाको कार्यालयबाट थप शूल्क नलाग्ने गरी रुट इजाजत समेत प्रदान गर्ने।

निर्णय नं.१५ तपशिल बमोजिमका व्यक्ति तथा संघसस्थालाई आर्थिक सहयोग उपलब्ध गराउने।

१. परविर कामी, वडा नं १८, हात नचल्ने, रु५,०००।– (पाचँ हजार)
२. लक्ष्मी विक, वडा नं १८, क्यान्सर रोग लागेको, रु२५,०००।– (पच्चीस हजार)
३. शशिकला विक, वडा नं ०६, आर्थिक अवस्था कमजोर, रु५,०००।– (पाँच हजार)
४. देवन्या चौधरी, वडा नं १७, क्यान्सर रोग लागेको, रु२५,०००।– (पच्चीस हजार)
५. भिखन्या चौधरी, वडा नं १७, क्यान्सर रोग लागेको, रु२५,०००।– (पच्चीस हजार)
६. सिर्जनशील युवा क्लब दाङ, तीज मिलनको लागि अतिथि, कलाकारको पारिश्रमिक, रु१०,०००।– (दश हजार)
७. गण बहादुर बुढा मगर, वडा नं १८, हात चलाउन नसक्ने, रु५,०००।– (पाँच हजार)
८. ज्योति कुमारी पुन, वडा नं ०७, मुटुको शल्यक्रिया, रु२५,०००।– (पच्चीस हजार)
९. खुमा दमेनी, वडा नं ०६, पाठेघर र दमको बिरामी, रु१०,०००।– (दश हजार)
१०. सरिता के.सी, वडा नं ०९, सोधपत्र तयारी, रु५०,०००।– (पचास हजार)
११. चन्द्री कमेनी, वडा नं ०६, आर्थिक अवस्था कमजोर, रु५,०००।– (पाँच हजार)
१२. खुशीराम चौधरी, वडा नं १०, हात भाच्चिएको, रु७,०००।– (सात हजार)
१३. लाल बहादुर खत्री, वडा नं १५, दुवै मृगौला फेल, रु२५,०००।– (पच्चीस हजार)
१४. भिम बहादुर डाँगी, वडा नं ०५, पक्षघात भएको, रु५,०००।– (पाँच हजार)
१५. सुनिता डाँगी, वडा नं ०४, स्तन क्यान्सर, रु२५,०००।– (प्रच्चीस हजार)

गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत



टिकाराम खड्का
नगर प्रमुख

Scanned with CamScanner

३८. दिल बहादुर चौधरी, वडा नं ०९, मोटरसाइकल दुर्घटना, रु७,०००।– (सात हजार)

३९. जेसीआई दाङ लेडी, वडा नं ०४, घोराही दाङ, आर्थिक सहयोग, रु२५,०००।– (पच्चीस हजार)

४०. तोरण कुमार खत्री, वडा नं १२, घर भत्केको, रु२०,०००।– (बीस हजार)

४१. मनि कुमारी बुढाथोकी, वडा नं १४, आन्द्रामा घाउ भएको, रु१०,०००।– (दश हजार)

४२. बिमल पौडेल, वडा नं १४, आन्द्रामा क्यान्सर भएको, रु२५,०००।– (पच्चीस हजार)

४३. थारु कल्यानकारी सभा, दाङ देउखुरी, आर्थिक सहयोग, रु२५,०००।– (पच्चीस हजार)

४४. हिरा डाँगी फाउन्डेसन, वडा नं ०५, आर्थिक सहयोग, रु२५,०००।– (पच्चीस हजार)

४५. मोहन खड्का, वडा नं ०४, ब्रेन ट्युमर भएको, रु२५,०००।– (पच्चीस हजार)

४६. ज्योति विक, वडा नं ०९, आर्थिक सहयोग, रु७,०००।– (सात हजार)

४७. ममिता वली, वडा नं १७, काज क्रिया खर्च, रु१५,०००।– (पन्ध्र हजार)

४८. वैज्ञानिक समाजवादी मोर्चा, आर्थिक सहयोग, रु५,०००।– (पाँच हजार)

४९. ईश्वरी नेपाली, वडा नं ०६, औषधी उपचार, रु५,०००।– (पाँच हजार)

५०. वेलमती विक, वडा नं १२, खुट्टा नलाग्ने, रु७,०००।– (सात हजार)

५१. पवित्रा श्रेष्ठ, वडा नं ०४, करेन्ट लागेर मृत्यु भएको, रु२५,०००।– (पच्चीस हजार)

५२. तुलसीपुर नगर जेसीज, तुलसीपुर दाङ, आर्थिक सहयोग, रु२०,०००।– (बीस हजार)

५३. केशर कुमाल, वडा नं ०७, औषधी उपचार, रु५,०००।– (पाँच हजार)

५४. चेरिया थरुनी, वडा नं १०, मृगौला डायलाइसिस, रु१०,०००।– (दश हजार)

५५. देव बहादुर परियार, वडा नं ०९, प्यारालाइसिस भएको, रु१०,०००।– (दश हजार)

५६. हसिला बादी, वडा नं १३, मृगौला खराब भएको, रु१०,०००।– (दश हजार)

५७. मनकला बादी, वडा नं ०४, पत्थरी भएको, रु१०,०००।– (दश हजार)

५८. नारायण चौधरी, वडा नं १४, दुबै मृगौला खराब भएको, रु१५,०००।– (पन्ध्र हजार)

५९. रामु बहादुर सार्की नेपाली, वडा नं ०६, मृगौला खराब भएको, रु१०,०००।– (दश हजार)

गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत

टिकाराम खड्का
नगर प्रमुख



Scanned with CamScanner

६०. श्रृष्टी चौधरी, वडा नं १४, मुटु [illegible] उपचार, रु २०,०००।– (बीस हजार)
६१. पंचकली बिटालु, वडा नं १३, आर्थिक सहयोग, रु ५,०००।– (पाँच हजार)
६२. सन्तकली बिटालु, वडा नं १३, क्यान्सर रोग, रु २५,०००।– (पच्चीस हजार)
६३. कमल प्रसाद घर्ती, वडा नं १९, घुडाँ दुख्ने रोग, रु ५,०००।– (पाँच हजार)
६४. दिपिका श्रेष्ठ, वडा नं १२, पिसाब नली शल्यक्रिया, रु १०,०००।– (दश हजार)
६५. गोविन्द थापा, वडा नं ०३, मृत्यु भएको राहत, रु ५५,०००।– (पच्पन्न हजार)
६६. गन्धर्व विकास मञ्च, घोराही ११, सारङ्गी दिवश मनाउने, रु २०,०००।– (बीस हजार)
६७. देव बहादुर परियार, वडा नं ०९, प्यारालाईसिस भएको, रु १०,०००।– (दश हजार)
६८. सुष्मा विक, वडा नं ०५, क्यान्सरबाट श्रीमानको मृत्यु, रु २५,०००।– (पच्चीस हजार)
६९. सिता नेपाली, वडा नं १८, अप्रेशन खर्च, रु ५०,०००।– (पचास हजार)
७०. भगवती भट्टराई, आर्थिक सहयोग, रु १०,०००।– (दश हजार)
७१. विपी चिन्तक दाङ विचार गोष्ठी, रुपलाल बस्नेत, रु २०,०००।– (बीस हजार)
७२. औद्यौगीक ग्राम, बुटवल अवलोकन भ्रमण जादाँ, बील अनुसार भुक्तानी
७३. गोविन्द कामी, क्यान्सर, रु २५,०००।– (पच्चीस हजार)
७४. प्रदिप प्रसाद छन्त्याल, वडा नं १२, रु १०,०००।– (दश हजार)
७५. नवीन्द्र चौधरी, वडा नं १९, रु २५,०००।– (पच्चीस हजार)
७६. अनेरास्ववियु दाङ, रु २५,०००।– (पच्चीस हजार)
७७. देव बहादुर विक, वडा नं ०७, रु ७,०००।– (सात हजार)
७८. लोकमणी ढकाल, वडा नं ०५, रु ७,०००।– (सात हजार)
७९. जयाकला बुढाथोकी, वडा नं ०२, रु ७,०००।– (सात हजार)
८०. महिमा सेन्टर, वडा नं ०६, रु १०,०००।– (दश हजार)
८१. दुर्गा विक, वडा नं ०१, रु ७,०००।– (सात हजार)
८२. विरमाने सुनार, वडा नं ०१, रु ७,०००।– (सात हजार)
८३. श्रीमनी स्मृती दिवश मनाउन, रु २०,०००।– (बीस हजार)
८४. दिवा के.सी, आर्थिक सहयोग, रु १५,०००।– पन्ध्र हजार)

निर्णय नं.१६ मेला महोत्सव संचालनको लागि रु. २५,००,०००।(अक्षेरुपी रु. पच्चीस लाख मात्र) संचालक संग मेला संचालन अनुमतिको राजश्व लिने र प्रचलित कानुनको अधिनमा रही मनोरन्जन कर तथा सरसफाइ शुल्क लिने ।

निर्णय नं.१७- कार्यपालिकाको मिति २०८१।०७।१३ गतेको निर्णय नं.६ मा BHM Construction Sarada 6 Salyan हुनुपर्नेमा नाम फरक पर्न गएकोले सच्चाउने निर्णय गरियो ।

नरेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत